# निर्माणात्मक मूल्याङ्कनका चुनौती र प्रभावकारिता अभिवृद्धिका उपाय

✍ **कमल भट्टराई**
**(दर्शनाचार्य शोधार्थी, नेपाल खुला विश्वविद्यालय)**

***लेखसार***

*प्रस्तुत अध्ययन निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको अवधारणा तथा निर्माणात्मक मूल्याङ्कनमा देखा परेका चुनौती तथा निर्माणात्मक मूल्याङ्कनको प्रभावकारितामा अभिवद्धि गर्ने उपायको खोजीसँग सम्बन्धित रहेको छ । निर्माणात्मक मूल्याङ्कनको प्रयोगमा के कस्ता चुनौती रहेका छन् र निर्माणात्मक मूल्याङ्कनमा देखा परेका चुनौतीलाई समाधान गरी मूल्याङ्कनलाई प्रभावकारी बनाउन के कस्ता समाधानका उपाय अपनाउन सकिन्छ भन्ने समस्यामा यो अध्ययन केन्द्रत रहेको छ । निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको अवधारणा प्रस्ट पार्नु, निर्माणात्मक मूल्याङ्कनका चुनौती र निर्माणात्मक मूल्याङ्कन प्रभावकारिताको उपाय सुझाउनु उद्देश्य रहेको यो अध्ययनमा द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी सामग्री विश्लेषणमा व्याख्यात्मक ढाँचालाई अपनाइएको छ । शिक्षकलाई तालिमको अभाव, खर्च, समय र श्रम बढी लाग्नु, निर्माणात्मक मूल्याङ्कनलाई कम महत्त्व दिनु, व्यक्तिगत प्रभाव पर्नु, शिक्षक दरबन्दी कम हुनु आदि हाम्रा विद्यालयमा देखा परेका निर्माणात्मक मूल्याङ्कनका प्रमुख चुनौतीहरू हुन् । शिक्षकलाई तालिमको व्यवस्था गर्नु, विद्यार्थी अनुसार शिक्षक व्यवस्था गर्नु, मूल्याङ्कनका लागि पर्याप्त समय उपलब्ध गराउन, निर्माणात्मक मूल्याङ्कनलाई बढी महत्त्व दिनु जस्ता उपाय अपनाएमा निर्माणात्मक मूल्याङ्कनको प्रभावकारिता अभिवृद्धि गर्न सकिने यो अध्ययनको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जिका :** पाठ्यक्रम, पृष्ठपोषण, सिकाइ उपलब्धि, वैधता, विश्वसनीयता

## विषयप्रवेश

मूल्याङ्कन शिक्षा क्षेत्रमा प्रयोग भइरहेको एक आधुनिक र वैज्ञानिक अवधारणा हो । मानव समाजको विकाससँगै कुनै पनि बस्तु, चीज, प्रक्रिया आदिको लेखाजोखा, छानबिन, जाँचबुझ आदि क्रियाकलाप गर्ने गरेको पाइन्छ । मानव समाजको विकास हुँदै जाँदा मूल्याङ्कन प्रक्रियाको विकास र विस्तार हुँदै आएको छ (जबरा, श्रेष्ठ र रञ्जितकार, २०७० पृ.८) । मानव जन्मेर , हुर्केर र मर्ने बेलासम्म उसको सफलता , असफलता, गुण अवगुण आदिको लेखाजोखा भइरहेको नै हुन्छ । यसरी सामान्य दैनिक जीवनमा समेत मूल्याङ्कनको उपयोग भएको पाइन्छ ।

शैक्षिक क्षेत्रमा मूल्याङ्कनको अझ बढी महत्त्व रहेको पाइन्छ । शैक्षिक उपलब्धि के कति प्राप्त भयो भनी गरिने परिमाणात्मक र गुणत्मक लेखाजोखा गरी मूल्य निर्धारण गरिने कार्य नै

मूल्याङ्कन हो । यसले गुणात्मक र सङ्ख्यात्मक मापनको साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण उद्देश्य, शिक्षण प्रक्रिया, शिक्षण सामग्री आदिको समेत लेखाजोखा गर्ने काम गर्दछ । मूल्याङ्कनको अवधारणा चीनबाट भएको मानिए पनि मूल्याङ्कनको आधुनिक विकासको दृष्टिकोण पश्चिमी मुलुककै देन मान्नुपर्छ (जबरा, श्रेष्ठ र रञ्जितकार, २०६५ पृ. २९) । मूल्याङ्कनका गुड्को शिक्षाको शब्दकोशमा "कुनै पनि प्रक्रियाको मूल्य निर्धारण गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ" उल्लेख गरिएको पाइन्छ । राल्फ टायलरले व्यवहारमा ऐच्छिक परिवर्तनहरू वास्तवविक रूपमा कुन हदसम्म भइरहेको छन् भन्ने कुराको निर्धारण गर्ने प्रक्रियालाई मूल्याङ्कन मानेका छन् । कुनै पनि शैक्षिक क्रियाकलापको समाप्तिपछि के कति सुधार र परिमार्जन भयो त्यसको मूल्याङ्कन गर्न क्अचष्खभल ले मूल्याङ्कनलाई निर्माणात्मक र निर्णयात्मक गरी दुई प्रकारका मूल्याङ्कनको उल्लेख गरेका छन् ( जबरा, श्रेष्ठ र रञ्जितकार, २०६५ पृ. ४७ ) ।

विद्यालय तहको विभिन्न समयमा बनेका पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कनको प्रस्ट व्यवस्था गरेको पाइन्छ । पहिले पहिले निर्माणात्मक मूल्याङ्कनभन्दा निर्णयात्मक मूल्याङ्कनको नै ज्यादा प्रयोग गरिएको पाइन्छ । शिक्षणमा सुधार ल्याउन र विद्यार्थीलाई पृष्ठपोषण दिनका लागि निर्माणात्मक मूल्याङ्कनको प्रयोग अनिवार्य मानिन्छ । नेपालमा निर्माणात्मक मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कनको नामबाट नीतिगत रुपमा लागु गर्ने कार्य २०५६/ ५७ बाट भएको हो तर विद्यालय क्षेत्र सुधार कार्यक्रम लागु भएपछि भने निरन्तर विद्यार्थी मूल्याङ्कनको देशव्यापी प्रभावकारी कार्यान्वयनको प्रक्रिया सुरु भएको पाइन्छ (गौतम, २०६८) । हाल विद्यालय तहमा पाठ्यक्रमले निर्माणात्मक मूल्याङ्कन गर्नु पर्ने प्रस्ट व्यवस्थासमेत गरेको छ । यस्तो अवस्थामा विद्यालय तहमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग र प्रभावकरिता सम्बन्धी अध्ययन नभएको अवस्थामा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन भनेको के हो ? नेपालको विद्यालय तहमा निर्माणात्मक मूल्याङ्कनको प्रयोगमा के कस्ता चुनौती रहेका छन् ? निर्माणात्मक मूल्याङ्कनमा देखा परेका चुनौतीलाई समाधान गरी मूल्याङ्कनको प्रभावकारिता अभिवृद्धिका निम्ति के कस्ता उपाय अपनाउन सकिन्छ ? भन्ने मुख्य समस्यामा यो अध्ययन केन्द्रित रहेको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको परिचय तथा निर्माणत्मक मूल्याङ्कनका चुनौती र समाधानको उपायमा केन्द्रित रहेको छ । अतः प्रस्तुत अध्ययन निम्न उद्देश्यमा केन्द्रित रहेको छ ।

क) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको अवधारणा प्रस्तुत गर्नु,

ख) नेपालका विद्यालयका निर्माणात्मक मूल्याङ्कनमा चुनौतीहरू पहिचान गरी निर्माणात्मक मूल्याङ्कनको प्रभावकारिताका अभिवृद्धिका उपायहरू सुझाउनु ।

## अध्ययनको महत्त्व

प्रस्तुत अध्ययनपत्रमा विद्यालय तहमा प्रयोग गरिने निर्माणात्मक र नियर्णात्मक मूल्याङ्कनको अवधारणा प्रस्तुत गर्नुका साथै नेपालका विद्यालयमा निर्माणात्मक मूल्याङ्कन प्रयोगको चुनौती खोजी गरी निर्माणात्मक मूल्याङ्कनको प्रभावकारिता अभिवृद्धि गर्ने उपायहरू प्रस्तुत गरिएको छ । यस अध्ययनले कक्षाकोठामा शिक्षण गर्ने शिक्षक, विद्यालय प्रशासन तथा सरोकारवाला पक्षहरूलाई सम्बन्धित  विषयको ज्ञान प्रदान गर्नुको साथै चुनौतीको सामना गरी निर्माणात्मक मूल्याङ्कनको प्रभावकारिता अभिवृद्धि गर्न सहयोग गर्ने भएकाले प्रस्तुत अध्ययनपत्रको महत्त्व र आवश्यकता रहको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा गुणात्मक अध्ययन ढाँचालाई अवलम्बन गरिएको छ । पुस्तकालय अध्ययनबाट सामग्री सङ्कलन गरी तयार पारिएको अध्ययनमा विश्लेषणका लागि वर्णनात्मक एवं व्याख्यात्मक ढाँचालाई अँगालिएको  छ ।  द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको प्रस्तुत अध्ययनमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनसँग सम्बन्धित वर्णन गरिएका सामग्रीहरू उपयोग गरिएका छन् । अध्ययनमा सन्दर्भाङ्कन, सन्दर्भसूचीका लागि एपिए सातौँ संस्करणलाई अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक पर्यायधार

प्रस्तुत अध्यययन निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको अवधारणा र निर्माणात्मक मूल्याङ्कनको चुनौती र निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारिता अभिवृद्धि गर्ने उपायको अध्ययनका लागि शैक्षिक सिद्धान्त र सिकाइका सिद्धान्तहरू नै यस अध्ययनका सैद्धान्तिक आधार लिनुपर्ने देखिन्छ । मूल्याङ्कनको लागि आवश्यक सूचना मापनले दिने भएकाले मूल्याङ्कन मापन सिद्धान्तमा आधारित रहेको हुन्छ । मूल्याङ्कनमा वैधता, विश्वसनीयता र वस्तुनिष्ठताका अवधारणाहरू मापन सिद्धान्तबाट उत्पन्न हुन्छन् (क्रोनब्याच, सन् १९४९) । त्यसैले मूल्याङ्कनका अध्ययन आधार नै वैधता, विश्वसनीयता र वस्तुनिष्ठता नै रहेको छ । मूल्याङ्कन सिकाइ प्रक्रियाको अभिन्न अङ्ग भएकाले व्यवहारवादी सिकाइ सिद्धान्त र संरचनात्मक र संज्ञानात्मक मनोविज्ञान यस अध्ययनको सैद्धान्तिक  आधारका रुपमा लिइएको छ। निर्माणात्मक मूल्याङ्कन विद्यार्थीको सिकाइ सुधार र पृष्ठपोषणमा केन्द्रित हुन्छ भने  व्यवहारवादको अभ्यास र पुनरावृत्तिलाई जोड दिई सिकाइ गराउने मान्यता रहेका हुन्छ । यसले व्यक्तिगत सिकाइ प्रगतिलाई विचार नगरी पूर्वनिर्धारित मापदण्डहरूमा आधारित ग्रेड प्रदान गर्दै अवलोकनयोग्य व्यवहार र परिणामहरूमा केन्द्रित हुन्छ ( स्किनर, सन् २०१९) । निर्माणात्मक मूल्याङ्कन संरचनावादी सिद्धान्तसँग पनि सम्बन्धित रहेको देखिन्छ । निर्माणात्मक मूल्याङ्कन अभ्यासहरूले विद्यार्थीहरूलाई सामग्रीसँग सक्रिय रूपमा संलग्न

हुन, उनीहरूको सिकाइलाई प्रतिबिम्बित गर्न र तदनुसार समायोजन गर्न मद्दत गर्दछ (पियाजे, सन् २००५) । अत : निर्माणात्मक मूल्याङ्कन जिन पियाजेको संज्ञानात्मक सिद्धान्त र भिगोत्स्कीको सामाजिक अन्तरक्रियामा सिद्धान्तमा आधारित भएकाले व्यहारवाद र संज्ञानवादको दृष्टिको साथै मापनका विश्वसनीयता र वैधतालाई आधार लिदै यो अध्ययन कार्यलाई निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## सामग्री विश्लेषण : परिणाम र छलफल

प्रस्तुत अध्ययन निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको अवधारणा प्रस्तुत गर्दै नेपालको विद्यालय तहमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग तथा निर्माणात्मक मूल्याङ्कनको प्रयोगमा देखा परेका चुनौती र ती चुनौतीको समाधानका उपायहरूको खोजीमा केन्द्रित भएकाले यिनीहरूको विभिन्न उपशीर्षकमा रहेर अध्ययन विश्लेषण गरिएको छ ।

## निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको अवधारणा

### निर्माणात्मक मूल्याङ्कन

शिक्षण सिकाइको सुधार गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसलाई सुधारात्मक मूल्याङ्कन (आँकलन ) पनि भनिन्छ । सिकाइका क्रममा सिकारुले देखाएका कार्यदक्षताको बारेमा सूचना दिनका लागि तयार गरिने लेखाजोखा नै निर्माणात्मक वा सुधारात्मक मूल्याङ्कन हो (कोइराला र अधिकारी, २०६९ पृ.५९) । विद्वान् Scriven (1967) का अनुसार कार्यक्रम सञ्चालनको अवस्थामा के भइरहेको छ, के कमी कमजोरी छ र के सुधार गर्नु पर्छ भन्ने सम्बन्धमा आवश्यक सूचनाहरु प्रदान गर्नु नै निर्माणात्मक मूल्याङ्कन हो । शिक्षण सिकाइको क्रममा विद्यार्थीहरूले के कति कुरा जाने वा सिके, कुन कुन कुरा सिक्न बाँकी छ, अब कसरी शिक्षण गर्दा सिकाइमा सुधार ल्याउँन सकिन्छ भनेर यस किसिको मूल्याङ्कन गरिन्छ । यसका निमित्त लिखित, मौखिक वा अन्तरवार्ता, प्रयोगात्मक रेकर्डहरू, हाजिरीजवाफ कक्षा कार्य, अवलोकन एकाइ परीक्षा, त्रैमासिक परीक्षा आदि शैक्षिक संस्थाबाट नै आन्तरिक रुपमा सञ्चालन गरिन्छ (जबरा, श्रेष्ठ र रञ्जितकार, २०७० पृ.७४) । निर्माणात्मक मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो । यसले शिक्षक तथा विद्यार्थीहरूलाई पृष्ठपोषण दिने काम गर्दछ । यस मूल्याङ्कनले शैक्षिक कार्यक्रमको सबल र कमजोर पक्ष छुट्याई कार्यक्रमलाई पूर्ण उपलब्धितर्फ अग्रसर गराउँदछ । निर्माणात्मक मूल्याङ्कन शिक्षक र विद्यार्थीलाई शिक्षाको प्रभावकारिताबारे बोध गराउन सक्षम बनाउँदछ । सुधारात्मक वा निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको कक्षा उन्नति गर्ने वा स्थान निर्धारण गर्ने नभई शिक्षकको शिक्षणमा सुधार ल्याउन र विद्यार्थीको सिकाइमा सुधार ल्याउनु हो (कोइराला र अधिकारी, २०६९ पृ.५९) । यस मूल्याङ्कनले शिक्षणमा सुधार ल्याउने उद्देश्य राखेको हुन्छ । यसका लागि कक्षा कार्य, गृहकार्य, एकाइ परीक्षा, अवलोकन, हाजिरीजवाफ त्रैमासिक परीक्षा, अर्धवार्षिक

परीक्षा मूल्याङ्कनको साधनलाई उपयोगमा ल्याइन्छ। यसले शिक्षक र विद्यार्थीलाई शैक्षिक कार्यमा सही ढङ्गले संलग्न गराउनका साथै शिक्षणमा आएका कमी कमजोरी पत्ता लगाई उपचारात्मक प्रक्रियासमेत अपनाउन सहयोग पुऱ्याउँछ (जबरा, श्रेष्ठ र रञ्जितकार, २०७० पृ ७५) । विद्यार्थीका इच्छा, चाहाना, योग्यता, क्षमता, अनुभव, व्यवहार आदिको समेत यसले लेखाजोखा गर्ने गर्दछ । त्यसैले निर्णयात्मक मूल्याङ्कनको तुलनामा  निर्माणात्मक मूल्याङ्न पछिल्लो समय विद्यालय तहमा उपयोगमा ल्याइएको पाइन्छ ।

**निर्णयात्मक मूल्याङ्कन**

कुनै शैक्षिक सत्रको अन्त्यमा सञ्चालन गरिने मूल्याङ्कलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । शैक्षिक उद्देश्यहरू के कति मात्रामा पूरा भए भनेर लेखाजोखा गर्न र अपेक्षित सिकाइ उपलब्धिहरू प्रमाणित गर्न  यो मूल्याङ्कनको प्रयोग गरिन्छ (साउद र अन्य २०७८ पृ. १२९) । निर्णयात्मक मूल्याङ्कन औपचारिक प्रकृतिको हुन्छ । यो मूल्याङ्कन विद्यार्थीको प्रगतिको आधारमा कक्षा चढाउनका लागि अथवा शैक्षिक स्तर निर्धारण गर्नका लागि प्रयोग गरिन्छ (कोइराला र अधिकारी, २०६९ पृ.६०) । यो मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कनको जस्तो सुधारात्मक प्रकृतिको हुँदैन । विद्यार्थीहरू प्राप्त गरेका सिकाइ उपलब्धिका आधारमा विद्यार्थीको स्तर निर्धारण गरी कक्षा चढाउने कि नचढाउने निर्णय यस मूल्याङ्नले गर्दछ  । त्यसैले यो शैक्षिक कार्यक्रमको बिचमा र अन्त्यमा मात्र सञ्चालन गरिन्छ । यसका लागि परीक्षणका लागि बाह्य परीक्षाका साधनहरूको उपयोग गरिन्छ । यो निर्माणात्मक जस्तो निरन्तर नहुने भएकाले यो निश्चित समयको अन्तरालमा सञ्चालन गरिन्छ । यो अन्तिम मूल्याङ्कन भएकाले यसलाई योजनाकार एवम् योजना सञ्चालन गर्ने व्यक्ति तथा संस्थाले नगरी बाह्य व्यक्ति तथा संस्थाले गर्नु उपयुक्त मानिन्छ (जबरा र अन्य २०६५ पृ. ४८)। योजनाकार भित्रका व्यक्ति तथा संस्था आफैँले मूल्याङ्कन गर्दा त्यसको प्रत्यक्ष प्रभाव परी वास्तविक मूल्याङ्कन नआउने सम्भावना ज्यादा रहने गर्दछ । यस मूल्याङ्कनले विशेष गरेर लिखित परीक्षालाई नै प्रमुख आधार बनाउने गर्दछन् ।

शिक्षण सिकाइमा निर्माणात्मक र निर्णयात्मक दुबै मूल्याङ्कन आवश्यक रहेको हुन्छ । विद्यार्थीको स्तर, रुचि, क्षमता आदिलाई हेरी विद्यार्थीको कमीकमजोरी सुधार गर्नका लागि पृष्ठपोषण दिने प्रयोजनले  शिक्षणकै क्रममा गरिने भएकाले निर्माणात्मक मूल्याङ्कनको महत्त्व रहेको पाइन्छ भने विद्यार्थीहरूको स्तर निर्धारण गरी प्रमाणपत्र उपलब्ध गराउनका लगि निर्णयात्मक मूल्याङ्कनको आवश्यक रहेको हुन्छ ।

## विद्यालय तहमा निर्माणात्मक मूल्याङ्कनको प्रयोगको चुनौती

नेपालको विद्यालय तहमा निर्माणात्मक र निर्णयात्मक दुबै खालका मूल्याङ्कनको प्रयोग गरिएको पाइन्छ । हालको विद्यालय तहको पाठ्यक्रमा कक्षा कार्यकलापकै समयमा निर्माणात्मक मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने व्यवस्था पाठ्यक्रमले राखेको छ ।

पाठ्यक्रम प्रारुप २०७६ का अनुसार "विद्यालय शिक्षामा विद्यार्थीको मूल्याङ्कनका लागि निर्माणात्मक र निर्णयात्मक दुवै तरिकाहरू उपयोग गरिने, विषयवस्तुको स्वरूपअनुसार सैद्धान्तिक र प्रयोगात्मक पक्षको मूल्याङ्कन समावेश गरिने, शिक्षण सिकाइका क्रममा गरिने नियमित र निरन्तर मूल्याङ्कन, विद्यालयस्तरीय परीक्षाहरू र सार्वजनिक परीक्षाका आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धिको परीक्षण, मूल्याङ्कन र प्रमाणीकरण गरिने छ" (पृ. २१) ।

आधारभूत तह (१-३) को पाठ्यक्रमले विद्यार्थी मूल्याङ्कनले उनीहरूको सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्ग प्रशस्त गर्नु पर्ने दृष्टिकोण राख्दै कक्षाकोठामा आधारित मूल्याङ्कनमा जोड दिएको पाइन्छ । हाल कक्षा १- ३ मा पूर्णतः निर्माणात्मक मूल्याङ्कनको उपयोग गरिएको छ भने कक्षा ४ देखि १२ कक्षा सम्म आन्तरिक मूल्याङ्कनका रुपमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ ।

वर्तमान अवस्थामा विद्यालय तहमा अनिवार्य रुपमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ । विद्यालय तहका पाठ्यक्रममा निर्माणात्मक मूल्याङ्कन कक्षा कार्यकलापकै समयमा कक्षाकोठामा गर्नुपर्ने उल्लेख गरेको पाइन्छ । हाल विद्यालय तहको सबै कक्षाहरू निर्माणात्मक मूल्याङ्कनको उपयोग गर्नु पर्ने भए पनि यो मूल्याङ्कनको सही र यसको उद्देश्य अनुसार सिकाइ सुधार र प्रभावकारिताका लागि प्रयोग हुन सकिरहेको पाइदैन । अत : हाल विद्यालय तहमा निर्माणात्मक मूल्याङ्कनमा देखा परेका प्रमुख चुनौतीहरू निम्नानुसार रहेको पाइन्छ।

**शिक्षकहरूमा तालिमको अभाव र प्रयोगमा कठिनाइ** : कक्षा शिक्षण गर्ने शिक्षक तालिम प्राप्त हुनुपर्दछ । शिक्षकहरूलाई सेवाकालीन तथा पुनर्ताजकीकरण तालिम आवश्यक हुन्छ । पाठ्यक्रम परिवर्तन भएसँगै मूल्याङ्कनका परिपाटी र तौर तरिका पनि परिवर्तन हुन्छ । हाम्रो विद्यालय तहमा हाल निर्माणात्मक मूल्याङ्कनमा जोड दिएको पाइन्छ । निर्माणात्मक मूल्याङ्कनका सम्बन्धमा शिक्षकलाई समय समयमा तालिमको व्यवस्था गर्नुपर्नेमा त्यो हुन नसक्दा शिक्षकहरूले निर्माणात्मक मूल्याङ्कनको प्रयोगमा कठिनाइ भोग्नु परेको छ । त्यसैले शिक्षक तालिमको अभाव रहनु एउटा प्रमुख चुनौती हो ।

**बढी समय, श्रम र खर्च हुने** : निर्माणात्मक मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन जस्तो आवधिक नभएर निरन्तर हुने भएकाले निर्माणात्मक मूल्याङ्कन गर्दा बढी समय लाग्दछ । यो मूल्याङ्कनका

लागि शिक्षकले बढी श्रम गर्नुपर्ने र विद्यालयहरू बढी खर्च हुने भएकाले यो मूल्याङ्कनको प्रयोगमा चुनौती रहेको छ ।

**निर्माणात्मक मूल्याङ्कनलाई कम महत्त्व दिनु** : विद्यालय तहमा निर्माणात्मक मूल्याङ्कनका माध्यमबाट सिकाइमा सुधार ल्याउन र सिकाइलाई प्रभावकारी बनाउनका लागि मूल्याङ्कनको प्रयोग गर्नुपर्ने भए पनि हाम्रा विद्यालयका शिक्षकहरू यसको प्रयोगभन्दा निर्णयात्मक मूल्याङ्कनलाई नै बढी महत्त्व दिएको पाइन्छ । अर्धवार्षिक र वार्षिक परीक्षालाई मात्र ध्यान दिने दैनिक कक्षा कार्यलापमा चाहिँ मूल्याङ्कन गर्ने कार्यमा शिक्षकहरूले नै कम महत्त्व दिदाँ निर्माणात्मक मूल्याङ्कनको  प्रयोगमा चुनौती बनेको छ ।

**शिक्षकको मनोवृत्ति** : हाम्रो विद्यालयका शिक्षकहरूमा निर्माणात्मक मूल्याङ्कन सम्बन्धी धारणा नै प्रस्ट भएको पाइदैन । निर्माणात्मक मूल्याङ्कन के हो ? र यसको प्रयोग किन गर्नुपर्ने हो भन्ने विषयमा  नै शिक्षकहरू अस्पष्टता रहेको पाइन्छ भने यस्तो मूल्याङ्कन गर्न बढी समय लाग्नुका साथै झन्झट बढी हुने भएकाले पनि शिक्षकहरू नै यस्तो मूल्याङ्कन गर्न जाँगर नगर्ने तथा गर्नै पर्ने भए पनि देखावटी रुपमा मात्र गर्ने शिक्षकको मनोवृत्तिका कारणले पनि हाम्रो विद्यालयमा निर्माणात्मक मूल्याङ्कनको प्रभावकारी प्रयोग हुन सकेको पाइदैन ।

**निर्माणात्मक मूल्याङ्कनमा व्यक्तिगत प्रभाव पर्नु** : निर्माणात्मक मूल्याङ्कनको अर्को महत्त्वपूण चुनौती वा समस्या भनेको व्यक्तिगत प्रभाव हो । निर्माणात्मक मूल्याङ्कनको प्रयोग विषयशिक्षकले आफ्ना विद्यार्थीहरूमा स्वयं गर्नुपर्ने भएकाले यस्तो मूल्याङ्कनमा शिक्षकको व्यक्तिगत प्रभाव पर्ने बढी सम्भावना रहन्छ । शिक्षकसँग नजिक तथा शिक्षकले मनपराएको विद्यार्थीले बढी अङ्क प्राप्त गर्ने तथा अन्य विद्यार्थीले कम अङ्क प्राप्त हुने सम्भावना भएकाले यस्तो अवस्थामा निर्माणात्मक मूल्याङ्कले पनि सही मूल्याङ्कन हुन सक्दैन ।

**वार्षिक परीक्षालाई मात्र मूल आधार मान्ने प्रवृत्ति** : हाम्रा विद्यालयमा पाठ्यक्रमले व्यवस्था गरेको निर्माणात्मक मूल्याङ्कलाई कुनै महत्त्व नदिई वार्षिक परीक्षालाई मात्र मूल्याङ्कनको साधनका रुपमा लिई त्यसैलाई मात्र मूल आधार मान्ने प्रवृत्ति व्याप्त रहेको छ । जसले गर्दा निर्माणात्मक मूल्याङ्कनलाई शिक्षक तथा विद्यालयले कम महत्त्व दिने गरेको पाइन्छ । वार्षिक परीक्षालाई मात्र सिकाइको उपलब्धि मापन गर्ने एकमात्र साधनका रुपमा प्रयोग गर्ने प्रवृत्तिले निर्माणात्मक मूल्याङ्कन प्रयोगमा चुनौती देखिएको पाइन्छ ।

**विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी अभाव रहनु** : विद्यार्थीहरूको सङ्ख्याका आधारमा विद्यालयमा शिक्षक दरबन्दी नहुनु पनि निर्माणात्मक मूल्याङ्कनको प्रयोगमा चुनौती हो । प्रत्येक विद्यार्थीहरूमा निर्माणात्मक मूल्याङ्कन गर्नका लागि शिक्षकलाई पर्याप्त समयको आवश्यकता पर्दछ । कतिपय स्थानमा हाम्रो विद्यालय तहमा शिक्षक सङ्ख्याको कमीका कारण एउटै शिक्षाकले सबै

पिरियड त कतै एउटै पिरियडमा एकभन्दा बढी कक्षा शिक्षण गर्नु पर्ने अवस्था रहेको पाइन्छ । यस्तो अवस्थामा प्रत्येक विद्यार्थीको क्रियाकलापका आधारमा निर्माणात्मक मूल्याङ्कन गरी त्यसको अभिलेख व्यवस्थापन शिक्षकले गर्न नसक्दा निर्माणात्मक मूल्याङ्कनको उपयोग नभएको पाइन्छ ।

**समयमा नै मूल्याङ्कन नहुनु** : हाम्रो विद्यालयको कतिपय कक्षाहरूमा निर्माणात्मक मूल्याङ्कनलाई नै निर्णयात्मक मूल्याङ्कनका लागि पनि उपयोग गरिने व्यवस्था रहेको पाइन्छ। निर्माणात्मक मूल्याङ्कन कक्षा शिक्षण सिकाइकै क्रममा गर्नु पर्ने भए पनि अधिकांश विद्यालयमा सिकाइको क्रममा नभएर शैक्षिक सत्रको अन्त्यमामात्रै निर्माणात्मक मूल्याङ्कनको अभिलेख व्यवस्थापन गर्ने प्रवृतिको कारण निर्माणात्मक मूल्याङ्कनको मर्म अनुसार निर्माणात्मक मूल्याङ्कनको प्रयोग हुन सकेको पाइदैन ।

**अनुगमनको अभाव** : विद्यालय तहको पाठ्यक्रममा निर्माणात्मक र निर्णयात्मक दुबै मूल्याङ्न गर्ने निर्देश गरिएको भए पनि अधिकांश विद्यालयमा निर्णयात्मक मूल्याङ्कन मात्र गर्ने गरिएको पाइन्छ । निर्माणात्मक मूल्याङ्कन गर्ने प्रमुख दायित्व विषय शिक्षको नै हो । विद्यालयमा शिक्षकहरू पाठ्यक्रमको व्यवस्था अनुसार निर्माणात्मक मूल्याङ्कन गरी त्यसको अभिलेख व्यवस्थापन गरिएको छ कि छैन भनेर अनुगमन गर्ने गरेको पाइदैन । प्रधानाध्यपकले समेत शिक्षकले उक्त कार्य के कति गरेका छन् भनी अनुगमन गरी सुझाव दिने काम हुने गरेका पाइदैन । त्यसैले निर्माणात्मक मूल्याङ्कन प्रयोग हुन  सकेको पाइदैन ।

**निर्माणत्मक मूल्याङ्कनको प्रभावकरिता अभिवृद्धिका लागि अपनाउने उपयाहरू**

निर्माणात्मक मूल्याङ्कन विद्यार्थीहरू सिकाइमा सुधार ल्याउन तथा विद्यार्थीहरूलाई पृष्ठपोषण दिनका लागि गरिन्छ । विद्यालय तहका पाठ्यक्रममा निर्माणात्मक र निर्णयात्मक दुबै प्रकारको मूल्याङ्कन गर्नुपर्ने प्रस्ट उल्लेख गरेको पाइन्छ । अझ कक्षा १-३ मा त निर्माणात्मक मूल्याङ्कन कै आधारमा गरिएको मूल्याङ्कनलाई निर्णयात्मक प्रयोजनमा समेत प्रयोग गरी विद्यार्थीहरूको कक्षोन्नति गरिने व्यवस्था गरिएको छ । यस्तो व्यवस्था हुँदा समेत विद्यालयमा निर्माणात्मक मूल्याङ्कनको मान्यता र मर्मअनुसार प्रयोग भएको पाइदैन । विद्यालय तहमा निर्माणात्मक मूल्याङ्कनमा देखिएका प्रमुख चुनौतीहरूलाई समाधान गरी निर्माणात्मक मूल्याङ्कनको प्रभावकारिता अभिवृद्धि गर्नका लागि निम्न उपायहरू अपनाउन सकिन्छ ।

- निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी बनाउनका निम्ति शिक्षकहरूलाई तालिमको व्यवस्था गरी समय समय पुनर्ताजगी तालिमसमेत गराई निर्माणात्मक मूल्याङ्कको प्रयोगमा शिक्षकमा रहेको कठिनाइको समाधान गरिदिने गर्नुपर्दछ ।
- विद्यालयले शिक्षकलाई मूल्याङ्कनका लागि पर्याप्त समय उपलब्ध गराउनका साथै मूल्याङ्कन सञ्चालन तथा सामग्रीको व्यस्थापनमा सहयोग पुऱ्याउनु पर्छ ।

- शिक्षा क्षेत्रमा पछिल्लो समय निर्णयात्मक मूल्याङ्कनलाई भन्दा निर्माणात्मक मूल्याङ्कनलाई बढी उपयोगी ठान्न थालिएकाले यस मूल्याङ्कनलाई विद्यालय र शिक्षकले महत्त्व दिनुपर्दछ।
- निर्माणात्मक मूल्याङ्कन विद्यालयकै शिक्षकहरूले मात्र गर्ने भएकाले यसमा पर्ने शिक्षकको व्यक्तिगत प्रभावलाई कम गर्न निश्चित मापदण्ड बनाएर मूल्याङ्कन गरिनु पर्दछ ।
- विद्यालय तथा शिक्षकहरू वार्षिक परीक्षालाई मात्र महत्व नदिई विद्यार्थीको सिकाइमा वास्तविक सुधार ल्याउन निर्माणात्मक मूल्याङ्कनमा जोड दिनुपर्छ ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दीको व्यवस्था गरी शिक्षकलाई कम कक्षा दिएर निर्माणात्मक मूल्याङ्कन गर्नका लागि पर्याप्त समय उपलब्ध गराउनुपर्दछ।
- निर्माणात्मक मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कनका लागि पनि उपयोग गर्न सकिने भएकाले कक्षा कार्यकलापकै समयमा मूल्याङ्कन गरी त्यसै क्रममा अभिलेखीकरण पनि गरिनु पर्दछ ।
- शिक्षकले कक्षा शिक्षणको क्रममा मूल्याङ्कन गर्ने गरे नगरेको अनुगमन गरी निरन्तर मूल्याङ्कन गर्न प्रोत्सहन गर्नुका साथै पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्छ ।

## निष्कर्ष

शैक्षिक उपलब्धि के कति प्राप्त भयो भनी गरिने परिमाणात्मक र गुणत्मक लेखाजोखा गरी मूल्य निर्धारण गरिने कार्य नै मूल्याङ्कन हो । शैक्षिक  क्षेत्रमा मूल्याङ्कन अभिन्न पाटो हो । यसले गुणात्मक र सङ्ख्यात्मक मापनको साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण उद्देश्य, शिक्षण प्रक्रिया, शिक्षण सामग्री आदिको समेत लेखाजोखा गर्ने काम गर्दछ । हाम्रो विद्यालयमा निर्माणात्मक र निर्णयात्मक गरी दुई  प्रकारका मूल्याङ्कनको प्रयोग भएको पाइन्छ । शिक्षण सिकाइको सुधार गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । विद्यार्थीको स्तर निर्धारण गरी प्रमाणपत्र वितरण गर्ने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । पाठ्यक्रमले निर्माणात्मक मूल्याङ्कनलाई बढी जोड दिए पनि त्यसको मर्म अनुरुप विद्यालयमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग भएको पाइदैन । शिक्षकलाई तालिमको अभाव, खर्च, समय र श्रम बढी लाग्नु, निर्माणात्मक मूल्याङ्कनलाई कम महत्त्व दिनु, व्यक्तिगत प्रभाव पर्नु, शिक्षक दरबन्दी कम हुने, समयमा नै मूल्याङ्कन नहुनु आदि हाम्रा विद्यालयमा देखा परेका निर्माणात्मक मूल्याङ्कनका प्रमुख चुनौतीहरू हुन् । शिक्षकलाई तालिमको व्यवस्था गर्नु , विद्यार्थी अनुसार शिक्षक व्यवस्था गर्नु, मूल्याङ्कनका लागि पर्याप्त समय उपलब्ध गराउन, निर्माणात्मक मूल्याङ्कनलाई बढी महत्त्व दिनु, निश्चित मापदण्ड बनाई मूल्याङ्कन गर्नु, अनुगमन गर्नु, शिक्षणकै क्रममा निरन्तर मूल्याङ्कन गर्नु जस्ता उपाय अपनाएमा निर्माणात्मक मूल्याङ्कनको प्रभावकारिता अभिवृद्धि गर्न सकिने यो अध्ययनको निष्कर्ष रहेको छ ।

## सन्दर्भ ग्रन्थसूची


कोइराला, विद्यानाथ र अधिकारी बालकृष्ण (२०६९). *शैक्षिक मापन तथा मूल्याङ्कन.* पिनाकल पब्लिकेसन ।

क्रोनब्याच, एल. जे. (सन् १९४९). इसेन्सियल अफ साइकोलोजिकल टेस्टिङ। https://psycnet.apa.org/record/1950-00647-000. downloaded on 10/04/2080, 2:31 PM.

गौतम, चेतनाथ (२०६८). निरन्तर मूल्याङ्कन पद्धति के ? किन ? र कसरी ?. *शिक्षक मासिक* .ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लि.।

ज.व.रा., स्वयंप्रकाश, श्रेष्ठ, चन्द्रबहादुर र रञ्जितकार, किरणराम (२०६५). शिक्षामा मापन तथा मूल्याङ्कन.विद्यार्थी पुस्तक भण्डार ।

ज.व.रा., स्वयंप्रकाश, श्रेष्ठ, चन्द्रबहादुर र रञ्जितकार, किरणराम (२०७०). *शिक्षामा मापन तथा मूल्याङ्कन.* विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र. *पाठ्यक्रम प्रारूप २०७६.* पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र. *आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम.* पाठ्यक्रम विकास केन्द्र ।

पियाजे, जे. (सन् २००५). लेङ्ग्वेज एन्ड थट अफ द चाइल्डः सेलेक्टेड वर्क्स भोल पाँच रुटलेज । https://doi.org/10.4324/9780203992739. downloaded on 10/04/2080, 3:42 PM.

साउद, मोहनसिंह, धामी, केशवसिंह, खनाल, भगवान, गिरी देवराज, शाही, खगेन्द्र (२०७८). *शैक्षिक पद्धति र मूल्याङ्कन.* शुभकामना प्रकाशन प्रा.लि.।

स्किनर, बी.एफ. (सन् २०१९). द बिहेबियर अफ अर्गानिजमः एन एक्स्पेरिमेन्टल एनालाइसिस. बी. एफ. स्किनर फाउन्डेसन । https://books.google.com.np/books. downloaded on 09/04/2080, 1:15 PM.